# लिम्बू मातृभाषी विद्यार्थीले नेपाली भाषाको पदसङ्गतिमा गर्ने त्रुटि

शोध
द.नं. ८८

शोधार्थी

सरिता लुम्फुवा

क्याम्पस क्रमाङ्क शैक्षिक वर्ष :९०(२०६९/०७०)

दोस्रो वर्षको परीक्षा क्रमाङ्क : २१८००५१ (२०७१)

त्रि.वि. दर्ता नं. ९-२-४६६-१०-२००७

नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत शोधपत्र

| | | |
|---|---|---|
| शोधपत्र पेस गरेको मिति | त्रिभुवन विश्वविद्यालय | शोधपत्र भाइभा भएको मिति |
| वि. सं. २०७४/०४/ २४ | शिक्षाशास्त्र सङ्काय | वि. सं. २०७४ /०८ / १५ |
| इ.सं. अगस्ट ८ २०१७ | जनता बहुमुखी क्याम्पस | इ.सं. डिसेम्बर ४ २०१७ |
| | नेपाली भाषाशिक्षा विभाग | |
| | इटहरी, सुनसरी | |

## स्वयम् घोषणा

प्रस्तुत शोध लेखन मेरो मौलिक र प्रयोगात्मक अनुसन्धान हो । शोधपत्रको कुनै अंश समेत मैले हुबहु कसैको नक्कल होइन । आवश्यकता अनुसार सन्दर्भ र स्रोत खुलाई पूर्वकार्यको प्रयोग समेत गरिएको छ । यदि कही कतैबाट हुबहु नक्कल गरेको प्रमाणित भए त्यसबाट आउने परिणामको सामना गर्नेछु ।

मितिः

शोधार्थी

.................................

सरिता लुम्फुवा

# जनता बहुमुखी क्याम्पस

**इटहरी, सुनसरी**

**स्थापित २०४५**

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

व्यवस्थापन, मानविकी तथा शिक्षा शास्त्र संकाय

०२५- ५८१३००

५८००६४


प.स.

च.न

मितिः २०७४/०४/२४

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र संकाय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एम्. एड्. दोस्रो वर्षकी छात्रा **सरिता लुम्फुवा**द्वारा ने.पा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **"लिम्बू मातृभाषी विद्यार्थीले नेपाली भाषाको पदसंगतिमा गर्ने त्रुटि** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । निकै मेहनत र परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोध कार्यप्रति म पूर्ण रूपमा सन्तुष्ट छु । यो शोधपत्र स्नातकोत्तर तहको उपाधिका निम्ति उपयुक्त देखिएकोले बाह्रय मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

...............................

शोध निर्देशक

उपप्रा. दीपकप्रसाद न्यौपाने

जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

नेपाली भाषाशिक्षा विभाग

# जनता बहुमुखी क्याम्पस

**इटहरी, सुनसरी**
**स्थापित २०४५**
(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
व्यवस्थापन, मानविकी तथा शिक्षा शास्त्र संकाय

☎ ०२५- ५८१३००
५८००६४

प.स.
च.न

मितिः


## स्वीकृति-पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र संकाय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एम्. एड्. दोस्रो वर्षकी छात्रा सरिता लुम्फुवाद्वारा ने.पा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत ““**लिम्बू मातृभाषी विद्यार्थीले नेपाली भाषाको पदसंगतिमा गर्ने त्रुटि** शीर्षकको शोधपत्र नेपाली शिक्षा विभागमा स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

शोत्रपत्र मूल्याङ्कन समिति

| क. सं. नाम | हस्ताक्षर |
|---|---|
| १. उप. प्रा. मदनराज बराल (विभागीय प्रमुख) | ................................... |
| २. उप. प्रा. तीर्थराज भट्टराई (सदस्य) | ................................... |
| ३. उप. प्रा. दिपक न्यौपाने (शोध निर्देशक) | ................................... |
| ४. उप. प्रा. नविनकुमार शर्मा (सदस्य) | ................................... |

मितिः २०७४/०८/१५

डिसेम्बर १, २०१७

कृतज्ञताज्ञापन

अनुसन्धान एक जटिल कार्य हो । एकले थुके सुकी सयले थुके नदी भनेझैं अनुसन्धान कार्य सफलतापूर्वक सम्पन्न गर्नका लागि एक्लो प्रयासले सम्भव हुदो रहेनछ । त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गतको स्नातकोत्तर तह द्यस्रो वर्षको ने. पा. शि. ५९८ शोध पत्रको प्रयोजनार्थ "लिम्बू मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको पदसङ्गतिमा गर्ने त्रुटिहरूको अध्ययन" शीर्षकको शोधपत्र तयार पार्ने क्रममा प्रत्यक्ष वा परोक्ष रूपमा उत्प्रेरणा दिने मार्गनिर्देश र सहयोग गर्ने सम्पूर्ण महानुभवहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

लिम्बू मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको पदसङ्गतिमा गर्ने त्रुटिहरूको अध्ययन शीर्षक शोधपत्रको प्रस्तावना लेखनदेखि शोधपत्र तयारीसम्म सहयोग, सल्लाह र सुझाव एवम् सही मार्गनिर्देशन गर्नुहुने श्रद्धेय गुरु दिपक न्यौपानेप्रति आभार तथा कृतज्ञता ज्ञापन गर्दछु । विभागीय स्वीकृति प्रदान गरी अनुसन्धान कार्यमा आवश्यक मार्गनिर्देश गर्नुहुने नेपाली शिक्षा विभागका विभागीय प्रमुख श्री मदनराज बरालज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसैगरी, श्रद्धेय गुरु डा. टंक न्यौपानेज्यू, शिक्षाशास्त संकाय प्रमुख टोलनाथ काफ्ले लगायत नेपाली शिक्षा विभागतका सम्पूर्ण गुरुहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

त्यसैगरी अध्ययन क्षेत्रमा सदैव उर्जा, प्रेरणा र प्रोत्साहन प्रदान गर्नुहुने मेरा आमा बुबाप्रति सदैव ऋणि छु । यसका साथै हरतरहले प्रोत्साहन गर्दै धैर्य, परिश्रम र लगनशीलताका साथ शोध पत्रको तयारीमा सहयोग गर्नुहुने मेरो भदा डीबी आङ्बुङ्लाई धन्यवाद दिन चाहन्छु । प्रस्तुत शोधपत्र तयारीको क्रममा सहयोग गर्नुहुने मित्रहरू ममता भुजेल, सनमाया लिम्बू, भाग्यश्री सिंहप्रति आभारी छु । शोधपत्रलाई कम्प्युटर टंकन गरिदिने गणेश भाइप्रति पनि धन्यवाद छ ।

..........................

शोधार्थी

सरिता लुम्फुवा

शोधसार

**१. शोधको शीर्षक**

प्रस्तुत अध्ययनको शीर्षक "लिम्बू मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको पदसङ्गतिमा गर्ने त्रुटि विश्लेषण अध्ययन रहेको छ ।

**२. अध्ययनको उद्देश्य**

यस अध्ययनको विशेष उद्देश्य निम्नानुसार रहेको रहेछः

२.१ कक्षा ६मा अध्ययन गर्ने लिम्बू मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाका पदसङ्गतिमा गर्ने त्रुटिहरू पत्ता लगाउनु,

२.२ उक्त त्रुटिका कारणहरू पत्ता लगाउनु,

२.३ उनीहरूले गर्ने मुख्य त्रुटिको क्षेत्र पत्ता लगाउनु,

२.४ त्रुटि निराकरण उपायहरू पत्ता लगाउनु ।

**३. अध्ययनको समस्या कथन**

यस अध्ययनको मूल समस्य निम्नानुसार रहेको छन् :

३.१ कक्षा ६ मा अध्ययन गर्ने लिम्बू मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको पदसङ्गतिमा के कस्ता त्रुटिहरू गर्दछन् ?

३.२ उक्त त्रुटिका कारणहरू के के हुन् ?

३.३ उनीहरूले गर्ने मुख्य त्रुटिको क्षेत्र कुन हो ?

३.४ उक्त त्रुटिहरूका निराकरणका लागि कस्ता उपायहरू अपनाउन सकिन्छ ?

**४. अध्ययनको विधि र प्रक्रिया**

प्रस्तुत शोध क्षेत्रीय अध्ययन विधिमा केन्द्रित रही तयार पारिएको छ । यस शोधमा नमुना छनोट प्रक्रियामा असम्भाव्य नमुना छनोट पद्धतिद्वारा छनोट गरिएको छ । असम्भाव्य नमुना छनोट पद्धतिमा पनि निर्णयात्मक नमुना छनोट पद्धतिद्वारा छनोट प्रक्रिया लिइएको छ ।

५. निष्कर्ष

लिम्बू भाषा नेपालमा बोलिने १२३ (वि.सं. २०६८ को नेपालको राष्ट्रिय जनगणना अनुसार) भाषाहरूमध्येको एक राष्ट्रभाषा हो । यो नेपालका पूर्वी पहाडी इलाकामा बसोबास गर्ने आफूलाई याक्थुङवा भनेर पुकारिने आदिवासी जनजाति लिम्बूद्वारा बोलिने भाषा हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रभावी भाषाहरू (जस्तैः अङ्ग्रेजी, हिन्दी, नेपाली आदि) ले अन्य भाषाभाषीहरूलाई स्वभाविक रूपमा प्रभाव पर्ने सामान्य प्रक्रिया अन्तर्गत लिम्बूभाषीलाई पनि नेपालीले केही मात्रामा प्रभाव पारेको देखिन्छ ।

यो भाषा नेपालको पूर्वी पहाडी भेगदेखि भारतको दार्जिलिङसम्म बसोबास गर्ने लिम्बू मातृभाषीले आफ्नो मातृभाषाका रूपमा बोल्ने गर्दछन् । लिम्बू भाषाको पाठ्यपुस्तकको निर्माण भइसकेको छ । रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र धनकुटा तथा पूर्वाञ्चलका केही स्थानीय एफ.एम.बाट समाचार तथा अन्य कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । लिम्बू भाषिक समुदायमा आपसी सम्पर्क तथा सामाजिक, साास्कृतिक कार्य सम्पादन गर्न यस भाषामा लेखिएको परम्परागत लिखित, साहित्य तथा सामग्रीहरू प्रशस्त मात्रामा प्रकाशित भएका छन् ।

लिम्बू भाषामा रहेको लिङ्ग वचन, पुरुष र आदरार्थी प्रयोग व्यवस्था नेपाली भाषामा रहेको व्यवस्थाभन्दा भिन्न रहेको पाइन्छ । यस भाषामा लिङ्गभेद शाब्दिक रूपमा मात्र पाइन्छ । पदावली तथा वाक्यस्तरमा लिङ्गभेद नहुने भएकाले यस भाषामा लिङ्गका आधारमा पदसङ्गति हुनु आवश्यक छैन । यस भाषामा तीनवटा वचन व्यवस्था रहेको पाइन्छ । तीनवटा वचनका आधारमा पदसङ्गति हुनु आवश्यक छ । केही विशेषण शब्दहरूलाई एकवचनबाट बहुवचनमा बदल्दा प्रत्यय लाग्ने गरेको पाइन्छ, जस्तैः रातो फूल- हेःत्ताङ्बा फूङ्हा? । यस भाषामा तीनवटा पुरुष व्यवस्थाअनुसार छुटाछुट्टै सर्वनामहरू रहेका छन् । प्रथम पुरुषबोधक सर्वनाम र क्रियामा दुईवचन र बहुवचनमा समावेशी र असमावेशी छुट्टाछुट्टै रही सङ्गति लिने गर्दछन् । यस भाषामा आदरार्थी प्रयोगका तह (निम्न, मध्यम र उच्च) रहेको पाइदैन । यसर्थ, लिम्बू भाषामा आदरार्थीका आधारमा पदसङ्गति हुनु आवश्यक छैन ।

लिम्बू मातृभाषी विद्यार्थीमा ७० प्रतिशत विद्यार्थीहरूले लिङ्गसङ्गतिगत त्रुटि गरेका छन् । उनीहरूले पुलिङ्ग सङ्गतिमाभन्दा स्त्रीलिङ्ग सङ्गतिमा बढी त्रुटिहरू गरेको पाइएको छ । उनीहरूले त्रुटि भेद्य र भेदकबीच तथा विशेषण र विशेष्यबीचको एवं कर्ता र

क्रियापदबीच सङ्गति नमिलाएको पाइन्छ । उनीहरूको सर्वाधिक त्रुटिक्षेत्र भेद्य भेदकबीचका स्त्रीलिङ्गीय सङ्गतिमा हुने रहेको छ ।

उक्त त्रुटिहरू हुनुका प्रमुख कारणहरूमा नेपाली भाषाको आफ्नै कारण तथा शिक्षणसाग सम्बन्धित कारणहरू रहेका छन् । लिम्बू भाषाको लिङ्ग सङ्गतिमा कुनै फरक नभई उस्तै हुने भएकाले नेपाली भाषामा जस्तै लिम्बू भाषामा स्त्रीलिङ्ग र पुलिङ्गका आधारमा पदसङ्गति मिल्नु आवश्यक छैन । त्यही कुरा नेपाली भाषा सिकाइमा स्थानान्तरण हुन खोज्दा बढी त्रुटि हुने गरेको देखिन्छ । उनीहरूलाई स्तरीय नेपालीमा लिङ्गका आधारमा कर्ता र क्रियापदबीच सङ्गति मिल्नुपर्छ भन्ने सामान्य ज्ञान रहे पनि भेद्य र भेदकका बीचमा पदसङ्गति हुनुपर्दछ । विशेषण र विशेष्यबीचमा पनि लिङ्गका आधारमा सङ्गति फरक हुन्छ । यसकारण उनीहरूले स्त्रीलिङ्गी भेद वा विशेष्यसाग पनि विशेषणले पुलिङ्गी रूप प्रयोग गरेर बोलिरहेका वा लेखिरहेको पाइएको छ । यस्ता खाले त्रुटिहरू हटाउने एक प्रमुख माध्यम भनेको शिक्षण सिकाइ क्रियाकलाप नै हो । उक्त त्रुटिहरू जस्ताको त्यस्तै रहनुको कारण शिक्षणसाग सम्बन्धित विषय पनि जिम्मेवार रहेको देखिन्छ ।

केही विद्यार्थीले वचन सङ्गतिमा त्रुटि गरेका छन् । यस क्षेत्रमा देखिएको यो त्रुटि पुरुष सङ्गतिगत त्रुटिपछिको दोस्रो सर्वाधिक त्रुटि हो । उनीहरूले एकवचनमा भन्दा बहुवचन सङ्गतिमा बढी त्रुटि गरेको पाइएको छ । यस क्षेत्रमा उनीहरूको त्रुटि बहुवचनमा विशेषण र विशेष्यबीच सङ्गति नमिलाउादा हुने गरेको देखिन्छ । अन्य त्रुटिहरूमा बहुवचन कर्तासाग पनि क्रियापदको एकवचनगत रूप प्रयोग गरेर हुने त्रुटि असङ्ख्येय नाम भएको कर्तासाग क्रियापदको बहुवचनगत रूप प्रयोग गर्दा हुने त्रुटि पाइएका छन् ।

उक्त त्रुटिहरू हुनुको प्रमुख कारणहरूमा मातृभाषाको प्रभाव, नेपाली भाषाका आन्तरिक कारणहरूमा मातृभाषाको प्रभाव देखिएका छन्। उपयुक्त भाषिक वातावरणको कमी, शिक्षणसाग सम्बन्धित कुराका अभाव, विद्यार्थीको व्यक्तिगत क्षमता आदि पनि कारण रहेका छन् । लिम्बू भाषामा एकवचन, द्विवचन, बहुवचन गरी तीन वचन व्यवस्था रहेको र सोही अनुसारको सङ्गति व्यवस्था पनि रहेको पाइन्छ । त्यसै गरी यस भाषामा भेदक विशेषणको रूपका आधारमा, वचनका आधारमा परिवर्तन गरिएको पाइन्छ । यही मातृभाषाको प्रभावका कारण उनीहरूले बढी मात्रामा नेपाली वचनगत सङ्गतिमा त्रुटि गरेको पाइन्छ । नेपाली भाषामै रहेको नियमको गलत सामान्यीकरणबाट पनि केही त्रुटिहरू हुन पुगेका छन् भने उपयुक्त भाषिक वातावरणको कमी, शिक्षक तालिम प्राप्त नहुनु, नेपाली

पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीलाई एकै ठाउमा राखी सामूहिक शिक्षण गर्नु आदि पनि त्रुटिका कारणहरू रहेका छन् ।

यी विद्यार्थीहरूमा ९८ प्रतिशत विद्यार्थीले पुरुष सङ्गतिमा त्रुटि गरेको देखिन्छ । यो त्रुटि उनीहरूको अन्य लिङ्ग, वचन र आदरार्थीमा भएका त्रुटिहरूभन्दा सर्वाधिक त्रुटि प्रथम पुरुष र द्वितीय पुरुष सङ्गतिमा रहेको पाइएको छ । यस क्षेत्रमा उनीहरूको त्रुटि द्वितीय पुरुष र प्रथम पुरुष बहुवचन कर्तासाग क्रियापदको सङ्गति नमिलाउादा हुने त्रुटि र प्रथम पुरुष कर्तासाग क्रियापदको सङ्गति नमिलाउादा हुने त्रुटि रहेको पाइएको छ । उनीहरूले द्वितीय पुरुष कर्तासाग आफ्नो क्रियापदको कर्ता तृतीय पुरुषात्मक रूपको प्रयोग गरेको पाइन्छ । त्यसै गरी प्रथम पुरुष कर्तासाग आउने क्रियापदमा चन्द्रबिन्दुको प्रयोग नगर्दा त्रुटि गरेका छन् । यस क्षेत्रमा उनीहरूको सर्वाधिक त्रुटि क्षेत्र द्वितीय पुरुषसाग क्रियापद सङ्गति नमिल्दा हुने गरेको पाइएको छ । उनीहरूको त्रुटिको प्रकृतिलाई हेर्दा प्रथम पुरुष कर्तासाग आउने क्रियापदमा चन्द्रबिन्दु प्रयोग नगरेको पाइयो । द्वितीय पुरुष बहुवचन कर्तासाग आउने क्रियाबीच सङ्गति नमिल्दा हुने त्रुटिहरू केही नियमति र सामूहिक खालका पाइएका छन् । यस्ता त्रुटिहरू हुनुका प्रमुख कारणहरूमा मातृभाषाको प्रभाव, नेपाली भाषाको आफ्नै भाषान्तरिक कारण, स्तरीय भाषिक प्रयोग अभ्यासको कमी, शिक्षणसाग सम्बन्धित कारणहरू आदि रहेका छन् ।

लिम्बू मातृभाषी विद्यार्थीहरूले वचन सङ्गति र लिङ्ग सङ्गतिमा विशेषण-विशेष्यबीच र भेद्य-भेदक बीचको सङ्गतिगत पक्षमा बढी त्रुटि गरेका छन् । पुरुष सङ्गति र लिङ्ग सङ्गतिमा चाहि कर्ता र क्रियापदबीचको सङ्गतिगत पक्षमा केही त्रुटि गरेको पाइएको छ ।

आदर सङ्गतिगत व्यवस्थालाई नेपाली भाषा र लिम्बू भाषाबीच अध्ययन गर्दा नेपाली भाषामा निम्न आदर, मध्यम आदर, उच्च आदर, उच्चतम आदरजस्ता चार किसिमको आदर व्यवस्था रहेको छ र यी चार किसिमको आदर व्यवस्थालाई जनाउन क्रमशः ता, तिमी, तपाईं र हजुरजस्ता सर्वनामिक शब्दहरूको प्रयोग गरिन्छ  तर यस्ता पद सङ्गतिमा उच्च त्रुटि गर्ने गरेको पाइएको छ । यो नेपाली भाषा शिक्षणमा देखिएको एक समस्या तथा चुनौती पनि हो तापनि उनीहरूको त्रुटिहरूमा प्रायः साझा विशेषता र कारणहरू भएकाले यस्ता त्रुटिहरू यदि योजना र सुझावपूर्ण शिक्षण सिकाइ प्रविधि अपनाइएका खण्डमा कम गर्न वा सुधार गर्न सकिने नै देखिन्छ ।

विषयसूची

| विषय | पृष्ठ |
| --- | --- |
| अध्याय - एक : परिचय | १-६ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ३ |
| १.४ अध्ययनको औचित्य | ४ |
| १.५ अध्ययनको महत्त्व | ५ |
| १.६ अध्ययनको क्षेत्र र सीमा | ६ |
| १.६ शोधपत्रको रूपरेखा | ६ |
| अध्याय - दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणाा | ७-३० |
| २.१ पूर्वकार्यको समीक्षा | ७ |
| २.२ अध्ययनमा पूर्वकार्यको उपयोगिता | ११ |
| २.३ सैद्धान्तिक अवधारणा | १२ |
| २.३.१ त्रुटिको परिचय र परिभाषा | १२ |
| २.३.२ त्रुटिको क्षेत्र र वर्गीकरण | १४ |
| २.३.२.१ भाषिक एकाइगत त्रुटि | १४ |
| २.३.२.२ सिकाइ प्रक्रियागत विकासशील त्रुटि | १६ |
| २.३.२.३ स्रोतगत त्रुटि | १७ |
| २.३.२.४ गम्भीरतागत त्रुटि | १८ |
| २.३.२.५ स्वररूपगत त्रुटि | १८ |
| २.३.२.६ मात्रागत त्रुटि | १९ |
| २.४ त्रुटिविश्लेषणको पद्धति | १९ |
| २.४.१ पूर्वनिर्धारित कोटि पद्धति | १९ |
| २.४.२ पश्चनिर्धारित कोटि पद्धति | २० |
| २.४.३ त्रुटिविश्लेषण प्रक्रिया | २० |
| २.४.४ त्रुटिको वर्णन | २१ |
| २.४.५ त्रुटिको व्याख्या | २१ |

२.४.६ पदसङ्गतिगत त्रुटि २२
२.५ सारांश २६
२.६ अध्ययनको सैद्धान्तिक अवधारणाको सम्बन्ध २६
२.७ नेपालमा बोलिने भाषापरिवार २७
२.७.१ भारोपेली भाषापरिवार २७
२.८ लिम्बू भाषा र भाषिकाको सामान्य परिचय २८
अध्याय - तीनः  अध्ययनको विधि र प्रक्रिया ३१-३३
३.१ अध्ययनको ढााचा ३१
३.२ जनसङ्ख्या र नमुना छनोट ३१
३.२.१ नमुना ३१
३.२.२ अध्ययनको क्षेत्र ३१
३.३ नमुना छनोट प्रक्रिया ३२
३.४ तथ्याङ्क सङ्कलनका साधनहरू ३२
३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया ३२
३.६ तथ्याङ्क व्याख्या तथा विश्लेषण प्रक्रिया ३३
अध्याय - चार : पदसङ्गतिगत त्रुटिको विश्लेषण ३४-५०
४.१ पदसङ्गतिको परिचय ३४
४.२ पदसङ्गतिगत त्रुटि ३५
४.२.१ लिङ्गसङ्गति ३६
४.२.२ लिम्बू भाषामा लिङ्गसङ्गति ३६
४.२.३ कर्ता र क्रियापदमा लिङ्गसङ्गतिगत त्रुटि ३७
४.२.४ विशेषण र विशेष्यबीच सङ्गति ३८
४.२.५ भेद्य र भेदकबीच सङ्गति ३८
४.२.६ लिङ्गसङ्गतिमा हुने त्रुटिका कारणहरू ३९
४.२.७ लिङ्गसङ्गतिमा हुने त्रुटिका निराकरणका उपायहरू ४०
४.३ वचनसङ्गति ४०
४.३.१ लिम्बू भाषामा वचनसङ्गति ४१
४.३.२ लिम्बू मातृभाषीले नेपाली भाषाको वचनसङ्गतिमा गर्ने त्रुटिहरू ४१
४.३.३ वचनसङ्गतिमा त्रुटि हुने कारणहरू ४२

४.३.४ वचनसङ्गतिगत त्रुटि निराकरणका उपायहरू ४४
४.४ पुरुषसङ्गति ४४
४.४.१ लिम्बू भाषामा पुरुष सङ्गति व्याख्या ४५
४.४.२ लिम्बू मातृभाषीले नेपाली भाषाको पुरुष सङ्गतिमा गर्ने त्रुटि ४६
४.४.३ पुरुष सङ्गतिमा लिम्बू मातृभाषीले गर्ने त्रुटिका कारणहरू ४६
४.४.४ पुरुष सङ्गतिगत त्रुटि निराकरणका उपायहरू ४७
४.५ आदर सङ्गति ४७
४.५.१ लिम्बू भाषामा आदर सङ्गति ४८
४.५.२ लिम्बू भाषीले नेपाली भाषाको आदर सङ्गतिमा गर्ने त्रुटिहरू ४८
४.५.३ आदर सङ्गतिमा त्रुटि गर्ने कारणहरू ४९
४.५.४ आदर सङ्गतिगत त्रुटि निराकरणका उपायहरू ५०
अध्याय - पााच : निष्कर्ष र सुझावहरू ५१-५५
५.१ निष्कर्ष ५१
५.२ सुझावहरू ५४
५.३ उपयोगिता ५६
५.३.१ नीति निर्माण तह ५७
५.३.२ अभ्यासको तह/ प्रयोगात्मक तह ५७
५.३.३ भावी अनुसन्धान ५८
सन्दर्भ सामग्री ५९
अनुसूची १ ६२

चिहन सूची

| | |
|---|---|
| , | अल्पविराम |
| ( ) | गौण सङ्केत |
| । | पूर्णविराम |
| - | योजक |
| / | विभाजक |
| : | सापेक्ष |

संक्षिप्त रूप

| | |
|---|---|
| इसं | - इस्वी सम्वत् |
| डा | - डाक्टर |
| नेपाशि | - नेपाली शिक्षा शास्त्र सङ्काय |
| नेराप्रप्र | - नेपाल राष्ट्र प्रज्ञा पतिष्ठान |
| नेवृश | - नेपाली बृहत शब्दकोश |
| प्रालि | - प्राइभेट लिमिटेड |
| प्रन | - प्रश्न नम्बर |
| पृसं | - पृष्ठ सङख्या |
| विप्र | - विभागीय प्रमुख |
| विसं | - विक्रम सम्वत् |
| स | - सदस्य |
| त्रिवि | - त्रिभूवन विश्वविद्यालय |